**बेलायत सरकार (FCDO) को आर्थिक सहायता तथा अन्तर्राष्ट्रिय आप्रवासन संगठन, आइओएम (UN-Migration) ले अन्य राष्ट्रसंघीय निकायहरु (WFP, UNICEF, UNFPA) सहित संयुक्त पुनर्लाभ कार्ययोजना (Joint Recovery Action Plan) परियोजना अन्तर्गत**

**सामाजिक उद्यमी विकास आयोजना**

**प्रथम पटक प्रकाशित मिति २०८१/५/१७**

श्री प्रकाशन शाखा
सूचना टाँस्न गरिदिनुहुन
५/१८

**इन्टरलकिङ्ग इट्टा र ढुगा काट्ने मेसिनको व्यवसाय गर्न इच्छुकहरबाट प्रस्ताव/ दरखास्त आव्हानको सूचना**

नेपाल सरकारको अनुरोध, बेलायत सरकार (FCDO) को आर्थिक सहायता तथा अन्तर्राष्ट्रिय आप्रवासन संगठन, आइओएम (UN-Migration) ले अन्य राष्ट्रसंघीय निकायहरु (WFP, UNICEF, UNFPA) सहित संयुक्त पुनर्लाभ कार्ययोजना (Joint Recovery Action Plan) परियोजना कर्णाली प्रदेशको जाजरकोट तथा रुकुम (पश्चिम) जिल्लाको १३ वटा भूकम्प प्रभावित स्थानीय तहमा संचालन भईरहेको उक्त आयोजना अन्तर्गत इन्टरलकिङ्ग इट्टा र ढुगा काट्ने मेसिनको व्यवसाय संचालन गर्नका लागि सहयोग प्रदान गर्ने भएको हुदा आयोजनाका शर्तहरु पुरा गर्ने इच्छुक व्यक्ति, फर्म, संस्था, समुह बाट यो सुचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयभित्र पेश गर्नका लागि अनुरोध छ ।

उक्त निबेदन संगै आफ्नो परिचय, पृष्ठभुमि व्यवसाय गर्ने मोडल र कामदारको व्यवस्थापन, लगानी गर्न सक्ने क्षमता, सामाजिक उत्तरदायित्व अन्तरगत भुकम्प प्रभावित लाभग्राहीलाई आफ्नो उत्पादनमा दिने सहुलियत र व्यवसाय संचालन गर्ने स्थान आदि उल्लेख गरि व्यवसाय गर्न चाहेको कारण खुलाई कम्यूनिटी इम्प्यक्ट नेपाललाई सम्बोधन गरि इच्छापत्रसँगै व्यवसाय सञ्चालन गर्नका लागि आवश्यक प्रस्तावना समेत पेश गर्नका लागि अनुरोध छ । प्रस्तावनाको ढाँचा आवेदकले पेश गर्नुपर्ने आवेदन फारमसँगै राखिएको छ ।

उद्यमी बन्न इच्छुक व्यक्ति तथा समूहका लागि प्रस्तावना तयार गर्न साथै उद्यम सञ्चालन निर्देशिकाबारे जानकारी दिने उदेश्यले यो सूचना प्रकाशित भएको मितिले ५ औं दिनमा १ दिने अभिमूखिकरण तालिम पनि सञ्चालन गरिने हुँदा उक्त अभिमूखिकरण कार्यक्रममा समेत सहभागि हुनका लागि आवेदकलाई आव्हान गरिन्छ । आवेदन दिन इच्छुक उद्यमीले यस पालिकाको उद्यम विकास शाखामा सम्पर्क गरि आवेदन दिन सक्नुहुनेछ । थप जानकारीको लागि कम्यूनिटी इम्प्याप्ट नेपालको संम्पर्क कार्यालय आठबिसकोट नगरपालिका वडा नम्बर ९ राडीज्यूला श्री सुश्मिता चित्रकार, मोबाइल नं ९८०११३६०९४ वा ९८६१९७००२२ मा सर्म्पक राखी जानकारी लिनुहुन सुचित गरिन्छ ।

**उद्यमी बन्न इच्छुक व्यक्ति/समुहले तल उल्लेखित कागजातहरु मध्य आफुसँग भएका जेजति कागजातहरु छन लिएर आवेदन फम भर्न सकिने छ । सो आबेदन फर्म नि:शुल्क हुने छ ।**

- नागरिकताको प्रतिलिपि
- वडा कार्यालयको सिफारिस
- जग्गा बहालमा भए सम्झौतापत्र/जग्गा प्रमाणपत्रको प्रतिलिपि
- स्वास्थ्य र सुरक्षासम्बन्धी नियम, उत्पादन गुणस्तर, रोजगारी कानुन र समान अधिकारसँग सम्बन्धित नियम पालन सम्बन्धि प्रतिवद्दता सहितको निवेदन

कम्यूनिटी इम्प्याप्ट नेपालका, ललितपुर
इमेल : sushmita.chitrakar00@gmail.com